निर्णय प्रमाणित
२०७८।८।२१

<u>प्रस्तावहरुः</u>

१. निर्णय कार्यान्वयनको समिक्षा सम्वन्धमा ।
२. सेवा प्रवाह सम्वन्धी समिक्षा समवन्धमा ।
३. डि.पि.आर. तयारीको लागि बजेट व्यवस्था सम्वन्धमा ।
४. संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रारम्भिक प्रतिवेदन माथि छलफल सम्वन्धमा ।
५. खेलमैदानमा थप पूर्वाधार निर्माण सम्वन्धमा ।
६. गाउँपालिकाको स्वः मूल्यांकन अन्तरक्रिया सम्वन्धमा ।
७. दिवा खाजा कार्यक्रम कार्यान्वयनको लागि सहजकर्ता नियुक्ति गर्ने सम्वन्धमा ।
८. विविध ।

<u>निर्णय नं. ०१</u>

यस अघिको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा समिक्षा गरियो । प्राप्त सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ०२</u>

यस भगवतीमाई गाउँपालिका अन्तर्गत विषयगत शाखा र वडा कार्यालयहरुबाट भएको सेवा प्रवाह सम्वन्धमा समिक्षा गरियो । सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण भईरहेको हुँदा भत्ता वितरण कार्यलाई सहज र सरल बनाउन वडा कार्यालयले सहयोग एंव समन्वय गर्ने र सेवा प्रवाहलाई चुस्तदुरुस्त तथा प्रभावकारी रुपमा गर्न गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ०३</u>

आगामी आ.व. २०७९/०८० को लागि नेपाल सरकार तथा प्रदेश सरकार समक्ष समपुरक अनुदान, विशेष अनुदान र सशर्त अनुदानको लागि पेश गरिने तपसिलका आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने यस अघिको बैठकबाट निर्णय भएको हुँदा सो कार्यको लागत खर्च नेपाल सरकार वित्तीय समानीकरण अनुदान अन्तर्गत अन्य साझेदारी कार्यक्रम र कन्टेन्जेन्सी रकमबाट खर्च गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | साईमेला/पुर्ग्याँ/रातामाटा/डाँडा कटेरा खानेपानी तथा सरसफाई आयोजना | वडा नं. ३ | |
| २. | सहडे जुकेपानी पहरापानी मन्घर खानेपानी तथा सरसफाई आयोजना | वडा नं. ४ | |
| ३. | मुलपानी अडेलीपाल्त खानेपानी तथा सरसफाई आयोजना | वडा नं. ७ | |
| ४. | जुम्लाकाफल थुवाँ वडालेक कचाली सडक | वडा नं. ५ | |
| ५. | नाउलीकान्ला-ढकार-प्रधान टाकुरा सडक | वडा नं. ६ | |
| ६. | ध्याप-घुम्ने-तुर्सु-पातिहाल्न सडक | वडा नं. ४ | |

<u>निर्णय नं. ०४</u>

यस भगवतीमाई गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको मस्यौदा परामर्शदाताबाट प्राप्त भएकोमा सो प्रतिवेदन माथि छलफल प्रारम्भ गरियो । सो प्रतिवेदन माथि कर्मचारी बैठकबाट थप छलफल तथा परिमार्जन गर्न आवश्यक देखिएकोले सो तयारी गरी परिमार्जन सहित मिति २०७८/०८/२४ गतेको बैठकमा पेश गर्ने र सोही बैठकमा छलफल तथा निर्णय गरियो ।



Scanned with CamScanner

निर्णय नं. ०५

यस भगवतीमाई गाउँपालिकाको खेलमैदान (मिनि स्टेडियम) निर्माणको केहि कार्य अधुरो रहेको हुँदा चालु आ.व. मा थप पूर्वाधार निर्माण गर्ने र सो को लागि आन्तरिक श्रोत अन्तर्गत ढाँणगाउँ/मेली/साले बजेडा/देउली सडक निर्माण योजनाबाट रकम रु.१२५००००। खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ०६

यस भगवतीमाई गाउँपालिकाको चालु आर्थिक वर्ष २०७८/०७९ को स्वीकृ बार्षिक कार्यक्रम अन्तर्गत नेपाल सरकार सशर्त अनुदान अन्तर्गत यस गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुमा दिवा खाजा कार्यक्रम कार्यान्वयन भईरहेको हुँदा सो कार्यक्रमको सहजीकरणको लागि एक जना सहजकर्ता करार सेवामा लिने निर्णय गरियो ।

निर्णय नं. ०७

यस गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार नेपाल सरकार सशर्त अनुदान अन्तर्गत दिवा खाजा कार्यक्रम कार्यान्वयनमा सहजीकरणको लागि एक जना सहजकर्ता करार सेवामा लिने निर्णय गरियो ।

निर्णय नं. ०८

आज समय अभावको कारण यस भगवतीमाई गाउँपालिकाको स्वः मूल्यांकन सम्वन्धी छलफल तथा अन्य प्रस्ताव अर्को बैठकमा छलफल तथा निर्णय गर्नुपर्ने भएको हुँदा मिति २०७८/०८/२४ गते बैठक बस्ने निर्णय गरियो ।



Scanned with CamScanner